# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ भदौ २३ गते

### आयोगद्वारा विकास, वातावरण र मानव अधिकार विषयक छलफल

राष्ट्रिय मानव अधिकार अयोगले आज विभिन्न सरोकारवाला विच विकास, वातावरण र मानव अधिकार विषयक अन्तर्क्रियात्मक छलफल गरेको छ । विकास निर्माणका क्रममा वातावरणको विनास भैरहेको परिप्रेक्ष्यमा विकासलाई वातावरणमैत्री र मानव अधिकारमैत्री बनाउन पहल गर्ने उद्देश्यले आयोगद्वारा यस छलफलको आयोजना गरिएको हो ।

कार्यक्रममा बोल्दै आयोगका अध्यक्ष अनूप राज शर्माले मानव अधिकारको क्षेत्रमा वातावरणको अधिकार महत्वपूर्ण र गम्भीर विषयको रुपमा रहेकोले आयोगले चासोका साथ हेरिरहेको बताउनु भएको छ । साथै, उहाँले विकास निरन्तर चलिरहने प्रक्रिया भएकोले यसलाई अन्त्य गर्ने होइन विकासबाट शिक्षा लिनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रमका सहभागीहरुद्वारा स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता हुनुपर्ने, वातावरण र विकासलाई सन्तुलित रुपमा अगाडि बढाउनुपर्ने, विकासलाई मानव केन्द्रित बनाउनुपर्ने, स्वच्छ हावा तथा वातावरण संरक्षण सम्बन्धी छुट्टै कानून निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनुपर्ने कुरामा जोड दिइएको थियो । साथै, वातावरणको विनास तथा जलवायू परिवर्तनका कारण नेपाल लगायत विश्वमा वर्षेनी हजारौं व्यक्तिहरुले ज्यान गुमाउनु परेको र विभिन्न प्राण घातक रोगबाट पीडित हुनुपरेको अवस्थाप्रति आयोग सँगै सबै सरोकारवालाहरुको ध्यान जान जरुरी रहेको सहभागीहरुद्वारा बताइएको छ ।

त्यसैगरी, कार्यक्रममा जनसंख्या तथा वातावरण मन्त्रालयका निमित्त सचिव राम प्रसाद लम्साल, वरिष्ठ अधिवक्ता प्रकाश मणी शर्मा, काठमाण्डौ युनिभर्सीटीका प्राध्यापक शिव पौडेलद्वारा वातावरण, विकास तथा मानव अधिकार विषयमा प्रस्तुति गरिएको थियो । उक्त कार्यक्रममा आयोगका सदस्य सुदिप पाठक, पूर्वमन्त्रीहरु गणेश शाह, दिपक ज्ञवाली, वातावरण विज्ञ अजय दिक्षित, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव, नेपाल बार एशोसिएशन, नेपल वातावरण पत्रकार समूह, नेपाली सेना पत्रकार लगायतको उपस्थिति रहेको थियो ।

...............
वेद भट्टराई
सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org